का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ चैत २०७९,
बिहीबार
6 April 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ७१ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

रविसँग सर्वोच्चले माग्यो

## अमेरिकी राहदानी त्यागेको निस्सा



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

सर्वोच्च अदालतले रवि लामिछानेले अमेरिकी राहदानी त्याग गरेको प्रमाण मागेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका लामिछानेले अमेरिकी राहदानी त्याग नगरी नेपाली राहदानी लिएको जिकिर गर्दै परेको रिटउपरको सुनुवाई पछि सर्वोच्चले यस्तो आदेश गरेको हो ।

बुधबार न्यायाधीश हरि फुँयालको इजलासले रविले अमेरिकी राहदानी त्याग गरिसकेको भन्ने प्रमाणित हुने निस्सा अध्यागमन विभाग वा जिल्ला प्रशासन कार्यालय, काठमाडौं जहाँ भए पनि झिकाउन आदेश दिएको हो ।

'प्रत्यर्थी रवि लामिछानेले अमेरिकी राहदानी त्याग गरिसकेको भन्ने प्रमाणित हुने निस्सा अध्यागमन विभाग वा जिल्ला प्रशासन कार्यालय काठमाडौं जहाँ भए पनि झिकाई नियमानुसार पेश गर्नू' आदेशमा भनिएको छ ।

रवि लामिछानेले अमेरिकी राहदानी त्याग नगर्दै नेपाली राहदानी लिएको र प्रयोग गरेको आरोप लागेको छ । उनले अमेरिकी नागरिकता र राहदानी कायम रहेको अवस्थामा खारेज भइसकेको नेपाली नागरिकता पेश गरेर नेपाली राहदानी लिएका थिए । सर्वोच्चले रविले अमेरिकी राहदानी त्याग गरेको प्रमाण नेपालको कुन कार्यालयमा पेश गरेका थिए भनेर माग गरेको हो ।

रविले खारेज भएको नेपाली नागरिकता पेश गरेर राहदानी लिनु गैरकानुनी भएको भन्दै उनीविरुद्ध प्रहरी र सरकारी वकिल कार्यालयमा उजुरी परेको थियो । तर ६ चैतमा महान्यायाधिवक्ता दिनमणि पोखरेलले रविविरुद्ध राहदानी विवादमा मुद्दा नचल्ने निर्णय गरेका थिए । महान्यायाधिवक्ताको निर्णय गैरकानुनी भन्दै सिन्धुलीका युवराज पौडेल सफलले उक्त निर्णय खारेजीको माग गर्दै सर्वोच्चमा रिट दिएका थिए । उक्त रिटमाथि सुनुवाई गर्दै सर्वोच्चले महान्यायाधिवक्ता कार्यालयलगायत विपक्षीसँग १५ दिनभित्र लिखित जवाफ माग गरेको छ ।

तर रिट निवेदक पौडेलले माग गरेअनुसार महान्यायाधिवक्ताको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भने दिएन । सर्वोच्चले रिट निवेदनका केही विषय मुद्दाको अन्तिम सुनुवाइको बेला नै सम्बोधन हुने प्रकृतिको देखिएको भन्दै अन्तरिम आदेश अस्वीकार गरेको हो । सर्वोच्चले रविको नागरिकतासम्बन्धी विवादमा सर्वोच्च अदालतले गत १३ मागमा गरेको फैसला पनि पेश गर्न भनेको छ ।



कोशी प्रदेश नाम खारेजको माग गर्दै पहिचानवादीहरुले काठमाडौंको माइतीघरमा गरेको प्रदर्शन । तस्बिर : सामाजिक सञ्जाल

## माओवादीको दोहोरो नीति

**कोशी प्रदेश नामाकरण विवाद**

प्रदेशको नामाकरण आफैं मतदान गर्ने, आफैं त्यही नाम खारेज गर्नुपर्ने आन्दोलनमा समाहित हुने र कमजोरी भएको निष्कर्षमा पुगेको भनेर पहिचान पक्षधरहरुको मन जित्ने प्रयास माओवादी केन्द्रले गरेको देखिन्छ ।



पार्टी स्पष्टसँग पहिचानकै पक्षमा छ । पहिचानकै पक्षमा अडान राख्नुपर्थ्यो त्यतिखेर अलिकति कमजोरी भएको छ । अब प्रदेश कमिटीलाई हामीले पहिचानकै पक्षमा छौं भन्नेकुरा रिजर्भेसन राख्ने कुरा भएको छ ।

**कृष्णबहादुर महरा**
उपाध्यक्ष, माओवादी केन्द्र

### पदम लिम्बूलाई शहीद घोषणा गर्न माग

पहिचान पक्षधरको आन्दोलनका क्रममा ५ चैतमा घाइते भएका पदम लिम्बूको १० चैतमा मृत्यु भएको थियो । माओवादी केन्द्रले लिम्बूलाई शहीद घोषणा गर्न सरकारसँग माग गरेको छ । 'हामी शहीद घोषणा गर्नुपर्छ र राहत दिनुपर्छ भन्ने पक्षमा छौं' माओवादी पृष्ठ २ मा

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

तत्कालीन प्रदेश १ को नाम कोशी राख्न सहमत हुँदै कोशीको पक्षमै मतदान गरेको नेकपा माओवादी केन्द्र बुधबारसम्म आइपुग्दा अर्को कित्तामा उभिन पुगेको छ । कोशी प्रदेश नामकरणको पक्षमा मतदान गर्नु कमजोरी भएको निष्कर्षमै पुगेको छ । प्रदेशको नामाकरण आफैं मतदान गर्ने, आफैं त्यही नाम खारेज गर्नुपर्ने आन्दोलनमा समाहित हुने र कमजोरी भएको निष्कर्षमा पुगेको भनेर पहिचान पक्षधरहरुको मन जित्ने प्रयास माओवादी केन्द्रले गरेको देखिन्छ ।

बुधबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठकमा कोशी प्रदेश नामकरणको विषयमा छलफल भएको हो । छलफलले कोशी प्रदेश नामकरणको पक्षमा मतदान गर्नु कमजोरी भएको स्वीकार गर्दै पहिचानको पक्षमा उभिने निर्णय गरेको हो ।

'हाम्रो पार्टी स्पष्टसँग पहिचानकै पक्षमा छ । पहिचानकै पक्षमा अडान राख्नुपर्थ्यो त्यतिखेर अलिकति कमजोरी भएको छ । अब प्रदेश कमिटीलाई हामीले पहिचानकै पक्षमा छौं भन्नेकुरा रिजर्भेसन राख्ने कुरा भएको छ' बैठकपछि उपाध्यक्ष कृष्णबहादुर महराले भनेका छन् । प्रदेश १ को प्रदेशसभाले प्रदेशको नामकरणको निर्णय गर्दा माओवादीले पनि पक्षमा कोशी नामकै पक्षमा उभिएको थियो । तर पहिचान पक्षधरले पृष्ठ २ मा



बुधबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको नेकपा माओवादी केन्द्रले पदाधिकारी बैठक ।

संकटमा सहकारी

## सरकारबाट आश्वासनको भारी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

एकपछि अर्को गर्दै देशभरिका सहकारी डुबिसक्दा पनि सरकार भने आश्वासनमा मात्रै सीमित देखिएको छ । घरजग्गा र सेयरमा लगानी गर्दा संकटमा पुगेका सहकारी उकास्ने वा नियामक निकायले कारबाही गर्नुको सट्टा सरकार आश्वासनमै सीमित बनेको हो । बुधवार सहकारीकर्मीहरूको राष्ट्रिय भेलामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सहकारी आन्दोलनलाई पुँजीवादीकरण हुनबाट रोक्नुपर्ने अभिव्यक्ति दिए । 'हामीले देशको राजनीतिक कस्तो हुने, अर्थनीति कस्तो हुने, शासन प्रणाली कस्तो हुने भन्नेबारे लामो, गम्भीर, बहुपक्षीय र बहुआयमिक छलफल गरेका थियौं, समाजवादउन्मुख राज्यको महत्त्वपूर्ण आधार सहकारी आन्दोलन हो । तसर्थ, हामीले यसलाई पुँजीवादीकरण हुनबाट रोक्नुपर्छ' उनले भने । साथै उनले राज्यले तीन खम्बे अर्थनीतिको व्याख्या गरेको बताउँदै त्यसका लागि ठूलो संघर्ष गर्नुपरेको बताएका छन् ।



समाजवादउन्मुख राज्यको महत्वपूर्ण आधार सहकारी आन्दोलन हो । हामीले यसलाई पुँजीवादीकरण हुनबाट रोक्नुपर्छ ।

**प्रचण्ड**
प्रधानमन्त्री

तर, आफैं राज्यको महत्वपूर्ण कार्यकारी निकायमा हुँदा पनि प्रचण्डले सहकारीको समस्या समाधान गर्न पहल गर्ने वा उपायहरुबारे चर्चा गर्न सकेका छैनन् । मुलुकभर करिब ३० हजारको संख्यामा रहेका सहकारी संस्थाहरूमा सर्वसाधारणको करिब ७ खर्ब रुपैयाँ बचत रहेको सहकारी विभागको तथ्यांकले देखाउँछ । त्यसमा पनि काठमाडौँमा मात्रै तीन हजार बढी सहकारी रहेका छन् । चर्चामा आएका ओरेण्टल, सिभिल, गौतमश्री ललितपुरको देउराली बहुउद्देश्यीय, धरानको बराह लगायतका सहकारी संस्थाहरूमा ठूलो रकम हिनामिना भएको भन्दै मुद्धा परेका छन् भने कतिपय लगभग बन्द हुने अवस्थामै पुगिसकेका छन् ।

विभागको तथ्यांक अनुसार गत साउनदेखि संस्थागत, व्यक्तिगत गरी ५सयको हाराहारीमा उजुरी दर्ता भएको छ । जसमा अधिकांश उजुरी रकम फिर्तासम्बन्धी रहेको र दैनिक १० वटासम्म उजुरी आइरहेको विभागले जनाएको छ ।

'डुबेका धेरैजसो सहकारीले घरजग्गा र सेयरमा धेरै लगानी गरेको पाइएको छ । सेयरबाट मुनाफा हुन्जेल सहकारीहरू पनि गज्जबले चले, सेयर बजार डुबेसँगै सहकारीहरू समस्यामा परिहाले अहिले जग्गाको कारोबार पनि खस्किएपछि डुब्न थाले' अर्थविद् अचल पाण्डेले भने । उनले नियामक निकायले पनि सहकारीलाई नियन्त्रण गर्न नसक्दा सर्वसाधारणको अर्बौ रकम संकटमा परेको बताएका हुन् । सहकारी संघसंस्थाहरूले प्रवाह भएको कुल ऋणको कम्तीमा ५१ प्रतिशत उत्पादन तथा आयमूलक व्यवसायमा लगानी गर्नुपर्ने उल्लेख गरिएको छ । तर, घरजग्गालगायतका अनुत्पादक क्षेत्रमा ठूलो रकम लगानी भएपछि एकपछि अर्को गर्दै सहकारी संकटउन्मुख भएका हुन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## अभिमुखीकरण तालिम वैदेशिक रोजगारको आँखा : श्रम मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले अभिमुखीकरण तालिम वैदेशिक रोजगारको आँखा भन्दै व्यावसायिक र जिम्मेवार बन्न अभिमुखीकरण व्यवसायीहरूलाई आग्रह गरेका छन् ।

बधाई तथा शुभकामनाका लागि गएको नेपाल अभिमुखीकरण व्यवसायी महासंघको प्रतिनिधिमण्डललाई मन्त्रालयको कार्यकक्षमा सम्बोधन गर्दै मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् । मन्त्री भण्डारीले नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदार हरुले पर्याप्त सीप तथा प्राविधिक ज्ञानको कमीका कारण कम पारिश्रमिक पाइरहेको बताए । उनले भाषा तथा स्थानीय धर्म संस्कृतिका बारेमा सामान्य जानकारी नहुँदा दु:ख पाएका घटना पटक-पटक आउने गरेको भन्दै त्यसमा अभिमुखीकरण व्यवसायी बढी जिम्मेवार हुनुपर्ने सुझाव दिए ।

मन्त्री भण्डारीलाई बधाई तथा शुभकामना दिने क्रममा महासंघका अध्यक्ष राजाराम गौतमले पूर्वप्रस्थान अभिमुखीकरण तालिम अपारदर्शी भएको दाबी गरेर अभिमुखीकरण व्यवसायीलाई मात्र दोष दिने शैली उचित नभएको भन्दै सरकारी नीति नै गलत भएकाले सुधार हुनुपर्ने माग गरे ।

अध्यक्ष गौतमले तालिम नदिने र गलत काम गर्ने केही व्यवसायीलाई प्रोत्साहन दिँदा इमान्दारिताका आधारमा वैदेशिक रोजगारमा जाने कामदार हरूलाई अभिमुखीकरण तालिम दिनेलाई समस्यामा पारिएको कारण इमान्दारहरू समेत गलत गर्नेहरूको देखासिकीमा लाग्नुपर्ने विडम्बनापूर्ण अवस्था रहेको बताए ।

महासंघले विगत चार वर्षदेखि अभिमुखीकरण कार्यविधि २०७६ अव्यवहारिक भएकोले संशोधन गर्न पटक-पटक दिएको सुझावको कुनै सुनुवाइ नगरिएको उनले बताए । अध्यक्ष गौतमले संस्थाको कार्यालयको ठाउँसारी र नवीकरणमा समस्या रहेको, धेरै वर्ष अगाडि तोकिएको शुल्क अत्यन्तै न्यून भएको, वैदेशिक रोजगार विभागको अनुगमन अपारदर्शी रहेको भन्दै सुधारका लागि मन्त्री भण्डारीको ध्यानाकर्षण गराए । त्यसैगरी वैदेशिक रोजगार विभागले प्रयोग गरिरहेको वैदेशिक रोजगार सूचना व्यवस्थापन पृष्ठ २ मा

### धरौटी रकम ३ अर्ब ५३ करोड

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले म्यानपावर व्यवसायी तथा अभिमुखीकरण व्यवसायीलगायतलाई इजाजतपत्र दिँदा जम्मा भएको धरौटीबापतको रकम ३ अर्ब ५३ करोड रुपैयाँ पुगेको बताएको छ ।

नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकमा राखिएको निक्षेपको अवधि यही चैत २९ र ३० गते परिपक्व हुने भन्दै विभागले आगामी एक वर्षका लागि उक्त रकम पृष्ठ २ मा

**कुबेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: SWIFT TRANSPORTATION | शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/१२/२२ | चलानी नं.: ६०१९९४५५ | LT. No.: 284161

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 50 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 100 | 0 | | 120 | ५१,४३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ३० गते (13 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567
Mob: 9818599621 | 9868095048 | 9745711824 | 9749897692
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com

मध्यान्ह
www.madhyanhadaily.com

२३ चैत २०७९, बिहीबार
6 April 2023, Thursday

# ट्राफिक जामका कारण वार्षिक एक खर्ब १६ अर्बको क्षति

**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा हुने ट्राफिक जामका कारण वार्षिक रु एक खर्ब १६ अर्ब बराबरको आर्थिक क्षति हुने गरेको छ। सवारी जाम हुँदा त्यसबाट सिर्जना हुने वायु र ध्वनि प्रदूषण, तेलको खपत, सवारी साधनमा हुने ह्रास, स्वास्थ्यमा पर्ने समस्या, दुर्घटना जस्ता कारणले आर्थिक क्षेत्रमा रु एक खर्ब १६ अर्ब बराबरको क्षति हुने गरेको काठमाडौं महानगरपालिकाको ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'यो ठूलो क्षति हो, यसलाई न्यूनीकरण गर्नका लागि कामपाले ट्राफिक जाम कम गर्ने भन्नेबारे अध्ययन गरिरहेको छ।' उक्त समस्या न्यूनीकरणको विषयमा कामपाले अध्ययन गरिरहेको भए पनि यसका लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था कार्यालय, सडक विभागसहित सरोकारवालाको सकारात्मक भूमिका



रहनुपर्नेमा उनले जोड दिए ।

ट्राफिक व्यवस्थापन विज्ञ श्रेष्ठले एक वर्षभित्र सवारीको गतिलाई पाँच मिनेट छिटो बनाउने लक्ष्यका साथ काम गरिरहेको पनि जानकारी दिए। सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापनको इञ्जिनियरिङमा समस्या भएको तथा जिम्मेवारी पालनामा लापरबाही भएकाले अहिलेको अवस्था सिर्जना भएको उनको भनाइ छ ।

उपत्यकाभित्र सवारी र यातायातलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा संघीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणले काम थाल्नुपर्ने उनको भनाइ छ। कामपाका प्रमुख अध्यक्ष र ललितपुर महानगरका प्रमुख उपाध्यक्ष रहने प्राधिकरणको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न संघीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात परिषद् रहने व्यवस्था छ ।

सरकारले सार्वजनिक यातायात नीतिको प्रभावकारी व्यवस्थापनका लागि 'शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिरण ऐन-२०७९' जारी गरिसकेको छ । शहरी क्षेत्रमा सार्वजनिक यातायात क्षेत्रलाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, लागत प्रभावी र सुरक्षित बनाउने उद्देश्यले प्राधिकरणको कानुनी प्रबन्ध गरेको हो । यातायात विज्ञ श्रेष्ठका अनुसार सडक अनुशासन, सङ्केत चिन्ह, लिफ्टसहितको आकाशे पुलजस्ता पूर्वाधारको निर्माणमा छरिएका अधिकारले नतिजामुखी काम गर्न नसकिएको टिप्पणी गरे ।

# 'नेपाल–अमेरिका सम्बन्ध: घनिष्ठ र सौहार्दपूर्ण'



**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र संयुक्त राज्य अमेरिकाका राजदूत डिन रिचर्ड थम्पसनबीच भेटवार्ता भएको छ। रक्षा मन्त्रालयमा बुधबार भएको भेटमा उनीहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। भेटमा उपप्रधानमन्त्री खड्काले नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुवै देशबीच घनिष्ठ र सौहार्दपूर्ण सम्बन्ध रहेको बताएका थिए । उनले नेपाली सेनाको पूर्वाधार विकासलगायत क्षमता विकासमा अमेरिकी सरकारले योगदान पुऱ्याएको उल्लेख गर्दै नेपाल र अमेरिकाबीच 'चौथो ल्याण्ड फोर्सेज टक्स' सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गरेका थिए ।


नेपालले संयुक्त राष्ट्र संघको शान्ति मिसनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भए पनि नेतृत्वदायी पदमा उचित हिस्सा प्राप्त हुन नसकेको भन्दै उनले अमेरिकी सरकारको तर्फबाट यस विषयमा सहयोग एवं लबिङका लागि अनुरोध गरेका थिए। साथै उनले अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा नेपाली सेनाको क्षमता अभिवृद्धिका लागि अमेरिकी सरकारको सहयोगको निरन्तरताको अपेक्षा गरे ।

सो अवसरमा राजदूत थम्पसनले नेपाल र अमेरिकाबीच 'चौथो ल्याण्ड फोर्सेज टक्स' सफलतापूर्वक सम्पन्न भएकामा खुसी व्यक्त गर्दै यसमा सहमति भएबमोजिम नेपाललाई हवाई साधनलगायतका उपकरण उपलब्ध गराउन प्रयत्न गर्ने उल्लेख गरे । साथै उनले नेपाली सेना एवं रक्षा मन्त्रालयको क्षमता विकासमा थप सहयोग उपलब्ध गराउन इच्छुक रहेको धारणा व्यक्त गर्दै विश्व शान्ति स्थापनामा शान्ति सेनाको माध्यमबाट नेपालले खेलेको भूमिकाको प्रशंसा गरे । सो अवसरमा रक्षा मन्त्रालयका सहसचिव बाबुराम अधिकारी, परराष्ट्र मन्त्रालयका प्रतिनिधिका साथै अमेरिकी दूतावासका रक्षा सहचारी एवं अन्य कर्मचारीको समेत उपस्थिति थियो ।

### अर्थमन्त्रीसँग भेटवार्ता

अर्थमन्त्री डा. प्रकाशशरण महतसँग नेपालका लागि अमेरिकी राजदूत थम्पसन्ले शिष्टाचार भेट गरेका छन् । बुधबार मन्त्रालयमा भएको भेटमा दुई देशबीच सहयोगको दायरा अझ फराकिलो बनाउने विषयमा छलफल भएको थियो। कुन-कुन क्षेत्रमा अमेरिकाले थप अनुदान सहयोग उपलब्ध गराउन सक्छ भन्ने विषयमा मन्त्री डा. महत र राजदूत थम्पसन्बीच छलफल भएको मन्त्री डा. महतले बताए । मिलेनियम च्यालेन्जर कर्पोरेशन (एमसीसी) र अमेरिकी सहयोग नियोग (युएसएड) मार्फत अमेरिकाले नेपालमा अनुदान थप्न इच्छुक रहेको तथा नयाँ परियोजनामा लगानी गर्न अमेरिका तयार रहेको भेटपछि मन्त्री डा. महतले बताए ।

## कोरोनाको नयाँ भेरियन्ट
# कम घातक, बढी संक्रामक



**काठमाडौं/मस–** नेपालमा पहिलो पटक देखा परेको कोरोना भाइरसको नयाँ भेरियन्ट 'ओमिक्रोन एक्सबिबि १.१६' बढी संक्रामक रहेको पाइएको छ । चिकित्सकका अनुसार नयाँ भेरियन्ट तुलनात्मकरुपमा कम घातक र बढी संक्रामक छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निमित्त निर्देशक डा. हेमन्त ओझाले नयाँ भेरियन्टले दीर्घरोगी, रोगसँग लड्न क्षमता कम भएका मानिस, वृद्धावृद्धलाई बढी समस्या गराउन सक्ने बताए ।

भारतमा देखिएको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबि १.१६ नेपालमा पनि अनुवांशिक अध्ययन गर्दा १० वटा देखिएको उनको भनाइ छ । 'भारतमा देखिएअनुसार नयाँ भेरियन्टका कारण धेरै संक्रमितलाई गम्भीर बनाएको देखिँदैन र अधिकांश अस्पताल भर्ना नभएको पाइएको छ', उनले भने ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. मनिषा रावलले नयाँ देखिएको ओमिक्रोनको भेरियन्ट घातकभन्दा पनि बढी मानिसलाई सार्ने बताइन् । 'यो डेल्टा भेरियन्टभन्दा कम घातक छ', उनले भनिन्, 'नयाँ भेरियन्टले मानिसमा भने चाँडै फैलिन सक्छ ।' उनले छिटो फैलिने भएकाले सर्तकता अपनाउन आग्रह गरिन् ।

नयाँ भेरियन्टबाट संक्रमितमध्ये हालसम्म चार जना अस्पतालमा भर्ना भएको उनले बताइन् । जसमध्ये तीन जना घर फर्किसकेको तथा एक जना उपचाररत रहेको उनको भनाइ छ ।

नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबि १.१६ संक्रमण हुँदा रुघा लाग्ने, ज्वरो आउने, घाँटी खसखस हुने, जीउ दुख्ने, खाना नरुच्नेजस्ता लक्षण देखिन्छन् ।

# यात्रु ओसार्ने निजी सवारीलाई कारबाही गर्न निर्देशन

**काठमाडौं/मस–** गृह मन्त्रालयले भाडा लिएर यात्रु बोक्ने निजी सवारीलाई कारबाही गर्न निर्देशन दिएको छ । मन्त्रालयले बुधबार सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै भाडा लिएर यात्रु बोक्ने निजी सवारीलाई कारबाही गर्न निर्देशन दिएको हो । यसअघि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले आफूखुसी भाडा तोकेर यात्रु ओसार गर्ने सवारीमाथि कारबाही गर्न गृह मन्त्रालयसँग आग्रह गरेको थियो । महासंघले मङ्गलबार आफूखुसी भाडा तोकी देशभर निर्विवाद यात्रु ओसार गर्ने गरेको पाइएको भन्दै त्यस्ता गाडीलाई कारबाहीका लागि सम्बन्धित क्षेत्रलाई निर्देशन दिन आग्रह गरेको थियो ।

# कोशी प्रदेशले कार्य मूल्याङ्कन समिति गठन गर्ने

**विराटनगर/मस–** कोशी प्रदेश सरकारले कार्य कुशलता र कार्य सम्पादनका लागि कार्य मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषदको बैठकले दिलकुमार मेम्याङबो संयोजकत्वमा कार्य मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरेको हो । बैठकले दुर्गा चापागाईको संयोजकत्वमा कानून, न्याय तथा प्रदेश मामिला समिति र बुद्धिकुमार राजभण्डारीको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति बनाउने समेत निर्णय गरेको छ ।

बैठकले सङ्घबाट हस्तान्तरण भई आएका पूर्वाधार विकासका लागि अपुग रु तीन अर्ब ४८ करोड ३६ लाख ५० हजार केन्द्र सरकारसँग माग गर्ने निर्णय समेत गरेको सरकारका प्रवक्ता भक्तिप्रसाद सिटौलाले जानकारी दिए। सो अवसरमा सरकारले प्रमुख सचिव डा. दीपक काफ्लेलाई स्वागत र पूर्वसचिव किशोर चौधरीलाई बिदाइसहित धन्यवाद प्रस्ताव पनि पारित गरेको छ ।

## माओवादीको...

आन्दोलन चर्काएपछि माओवादीले कमजोरी स्वीकार गरेको हो ।

नेताहरुका अनुसार माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नै कोशी प्रदेशमा पार्टीले गल्ती गरेको बताएका छन्। प्रचण्डले नामकरणको विषयमा पार्टीका जिम्मेदवार नेताहरुबाट निर्णय प्रक्रियामा गल्ती भएको बताएका हुन् ।

प्रदेश १ को प्रदेशसभाले प्रदेशको नामकरणको निर्णय गर्दा माओवादीले पनि पक्षमा कोशी नामकै पक्षमा उभिएको थियो । तर पहिचान पक्षधरले आन्दोलन चर्काएपछि माओवादीले कमजोरी स्वीकार गरेको हो । कोशी प्रदेश नामकरणको विरोधमा प्रदेशमा निरन्तर आन्दोलन हुँदै आएको छ। अर्थात, माओवादी केन्द्रले दोहोरो नीति लिएको हो ।

चैत २१ गते नेकपा माओवादी निकट लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाले भर्चुअल बैठक गरेर कोशी खारेज गर्नुपर्ने भन्दै सरोकारवालासँग छलफल समेत गरेको थियो। आगामी चैत २८ गते पनि माओवादी निकट किराती राष्ट्रिय मुक्ति मोर्चाले त्यस्तै छलफल आयोजना गरेको छ। उक्त छलफल कोशी खारेजको माग गर्दै संघर्षरत प्रदेश नं १ पुनः नामाङ्कन संयुक्त संघर्ष समितिले चार दिन अगाडि चैत १८ गते बसेको बैठकको निर्णय अनुसार भएको हो ।

माओवादी निकटका धेरै मानिस उक्त आन्दोलनमा सहयोग गर्ने, सहभागी हुने र ऐक्यबद्धता जनाउन पहिलोदेखि नै लागिरहेका थिए । घोषित आन्दोलनले ३६ दिन पार गर्दै गर्दा माओवादी केन्द्र पार्टीले नै आन्दोलनमा ऐक्यबद्धता जनाइसकेको छ। आन्दोलनको माग र मुद्दालाई स्थापित गराउन भन्दै प्रदेशका मुख्यमन्त्री, सभामुख र संसदीय दलका नेताहरुलाई २०७९ चैत २५ गते १० दिने चेतावनीपत्र दिने संघर्ष समितिको भनाइ छ । उक्त अभियानमा आफ्नो पार्टी पनि सहभागी हुने माओवादी निकट लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मुक्साहाङ मेन्याङ्बो बताउँछन्।

तर, कतिपयले भने माओवादीको यो दोहोरो चरित्र भएको भन्दै असन्तुष्टि जनाएका छन् ।

माओवादी केन्द्रले गत चैत १२ गते राप्रपासहित, कांग्रेस र एमालेसँग मिलेर कोशी नामलाई शिरोधार्य गर्न अपिल गरेको थियो। उक्त विज्ञप्तिमा 'सार्वभौम सम्पन्न प्रदेशसभाको भारी बहुमतबाट भएको प्रदेशको नामकरणको निर्णयलाई शिरोधार्य गर्न आम प्रदेशवासीमा अनुरोध गर्दछौं' उल्लेख छ। विज्ञप्तिमा माओवादीका प्रदेश सचिव गणेश उप्रेती सुशीलसहित नेकपा एमाले, नेपाली कांग्रेस र राप्रपाका प्रदेश अध्यक्षहरुले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । त्यही विज्ञप्तिमा नामकरणको विषयमा भइरहेको आन्दोलनले सामाजिक सद्भावमा खलल पुग्न सक्ने पनि उल्लेख गरिएको छ ।

'नामकरणका विषयलाई लिएर भइरहेका सामाजिक सद्भावमा खलल पुग्ने तथा असंवैधानिक गतिविधि तत्काल बन्द गरी शान्तिपूर्ण ढंगबाट आफ्नो मत र मुद्दालाई स्थापित गर्न तथा सम्वाद, वार्ता र छलफलको माध्ययमबाट समस्याको समाधान गर्न सरकारलगायत सम्बन्धित सबै पक्षलाई अपिल गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ ।

तर, माओवादी केन्द्रले प्रदेश पार्टीको तर्फबाट अध्यक्ष हर्कबहादुर नेम्वाङ र उनै सचिव गणेश उप्रेतीले जारी गरेको विज्ञप्तिमा भने पुनः नामकरण गर्नुपर्ने माग गर्दै भइरहेको आन्दोलनप्रति ऐक्यबद्धता जनाइएको छ। 'नामाङ्कन सच्याउन हाल पहिचान पक्षधर विभिन्न संघ, संस्थाहरुले चलाइरहेको शान्तिपूर्ण आन्दोलनप्रति हाम्रो पार्टीको समर्थन र ऐक्यवद्धता रहेको छ,' पार्टी अध्यक्ष हर्कबहादुर नेम्वाङ (मिक्सो) र सचिव गणेश उप्रेती (सुशील)ले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।माओवादी केन्द्रले पहिचान पक्षधरहरुको प्रतिकूल अंकगणित रहेको अवस्थामा प्रदेशसभाबाट पारित गरी प्रदेशको नामकरण गरिएको सन्दर्भमा प्रदेश पार्टी र संसदीय दलले गम्भीरतापूर्वक छलफल र समीक्षा गरिरहेको विज्ञप्तिमा उल्लेख छ ।

माओवादी केन्द्रले चैत १८ गते जारी गरेको यो विज्ञप्ति र चार दलसँग चैत १२ गते जारी गरेको संयुक्त विज्ञप्तिमा दुई फरक दृष्टिकोण देखिन्छ। यही बेला पार्टीको केन्द्रीय पदाधिकारी बैठकले समेत कोशी प्रदेश नामकरणको पक्षमा मतदान गर्नु कमजोरी भएको निष्कर्ष निकालेको हो ।

## पदम...

केन्द्रका उपाध्यक्ष महराले भने । माओवादी नेता गिरिराजमणि पोखरेलका अनुसार कोशी प्रदेशो नामाकरणो विषयमा पार्टीले छानबिन गरेर प्रतिवेदन तयार गरेर छलफल गर्ने तय छ । बैठकपछि पोखरेलले भनेका छन्, 'कोशी प्रदेशमा नेता साथीहरुले गल्ती गर्नुभयो भन्ने कुरा अध्यक्षबाट आएको छ । यसबारेमा के गएको हो भन्नेबारे छानबिन गरे प्रतिवेदन तयार गर्न समिति बनाउने भन्ने भएको छ ।'

## संकटमा...

महालेखापरीक्षकको ५९ औं प्रतिवेदनले पनि समयमै समस्याग्रस्त घोषणा नगरेको वा ढिलो घोषणा गरेको कारण सहकारीहरूबाट उठ् नसक्ने रकम पनि नउठ्ने अवस्था देखिएको उल्लेख गरेको थियो । अझ सहकारी डुब्ने खबरहरु फैलँदा, निक्षेप संकलन नहुँदा सानो बचत रकमसमेत फिर्ता गर्न असहज भएको सहकारी सञ्चालहरु बताउँछन् । साथै, सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षणका लागि यथाशीघ्र प्रभावकारी संरचना बनाउने, सहकारी संस्थाहरूको एकीकरणलाई प्रोत्साहन गर्न र प्रविधिको उपयोगमा जोड दिने हो भने विस्तारै सहकारीको समस्यामा कमी आउने विज्ञहरु बताउँछन्। त्यस्तै, कारोबारको आकार र गुणस्तरको आधारमा वर्गीकरण गर्ने, तथ्याङ्क संकलन र विश्लेषणलाई विश्वसनीय बनाउनुतर्फ सरकार र नियामक निकायले ध्यान दिनुपर्ने देखिन्छ । तर, सरकार र सम्बिन्धत निकायहरु आश्वासन बाँढ्नमै सीमित हुँदा सहकारीमा देखिएको समस्या तत्कालै समाधान हुने अवस्था भने देखिदैंन ।

## अभिमुखीकरण...

प्रणाली (फेमिस)मा धेरै समस्या रहेको, तालिम र पाठ्यक्रम समयसापेक्ष नभए पनि परिमार्जन नगरिएका तथा नियम कानून बनाउँदा सरोकारवालाहरूलाई सहभागी नगराउने परिपाटीले गलत गर्ने व्यवसायी फस्टाएको गुनासो महासंघले गरेको छ ।

अध्यक्ष गौतमले देशमा आर्थिक मन्दीको अवस्था देखिएकाले सबै क्षेत्र सुस्त र अस्तव्यस्त भएको भन्दै व्यवसायीले राखेको धरौटी रकम केही समयलाई फिर्ता गर्न पनि माग गरिएको मध्यान्हलाई बताए । जवाफमा मन्त्री भण्डारीले तत्काल वैदेशिक रोजगार ऐनलाई संशोधनको प्रक्रियामा लैजाने मन्त्रालयले तयारी थालेको भन्दै ऐन संशोधनका क्रममा महासंघलगायत सबै सरोकारवाला पक्षलाई सहभागी गराइने आश्वासन दिए ।

## धरौटी...

पुनः मुद्दती खातामा राख्न नयाँ बैंक खोजेको छ । विभागले वार्षिक १२ प्रतिशत ब्याज आउने मुद्धती खातामा उक्त रकम राखेमा ब्याजबाट मात्रै ४२ करोड ३६ रूपैयाँ आर्जन गर्नेछ। त्यसको २५ प्रतिशत वैदेशिक रोजगार व्यवसायी भलाई कोषमा राख्ने वैदेशिक रोजगार ऐनमा व्यवस्था भएपनि कोष सञ्चालन कार्यविधि जारी भएको छैन ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१२/२३**

**ए जर्नी म्यान ओभरसिज प्रा.लि.** को मिति २०७९/०९/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जेनेक्स एसोसिएट्स प्रा.लि. (प्रा.लि.नं.: ३४८९१)** साथै यस प्रा.लि.को मिति २०७९/११/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला, का.म.न.पा.–९ कायम गर्ने गरी मिति २०७९/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दुहवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुहवी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***

**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**
**२०७३**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१२/२३**

गेरुवा गाउँ कार्यपालिकाको कार्यालयले तपशिलका मितिहरुमा आह्वान गरेको तपशिलका ठेक्काहरुको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मुल्यांकन गर्दा यस कार्यालयको तपशिलका मितिको निर्णय तपशिलका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं | ठेक्का नं | कामको विवरण | बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरुको संख्या | सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रदाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु. (भ्याट र पि.एस.बाहेक) |
|---|---|---|---|---|---|---|---|
| १. | G/GRM/SQG/01/2079-080 | Procurement of Purchasing of Medical Products, Instruments and other Related Materials | २०७९।११।०५ | ३ (तिन) | Q. International Nepaljung 11 Banke | २०७९।१२।१३ | १०,१०,६६४.०० (दश लाख दश हजार छ सय चौसट्ठि रुपैया मात्र |
| २ | Goods/GRM/NCB/02/2079-080 | Procurement of Purchasing of supply and delivery of sanitary pad | २०७९।११।०७ | ३ (तिन) | R.B. Surgical and Pharma Pvt Tripushwor Kathmandu | २०७९।१२।१२ | ६,२९,५८७.५० (छ लाख उनानतिस हजार पाँच सय सतासी रुपैया र पैसा पचास मात्र) |
| ३ | Goods/GRM/SQG/02/2079-080 | Procurement of Supply and Delivery of Civil Lab Equipment | | ६(छ) | KEDIA CONSTRUCTION HOUSE | २०७९।१२।१० | ४,३२,९००.०० (चार लाख बत्तिस हजार नौ सय रुपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# नक्कली परीक्षार्थी धमाधम पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ चैत

एसईई परीक्षा अन्तर्गत बुधबार रौतहटको राजदेवी नगरपालिकाको मुडबलवास्थित नेमधारी वासुदेव मावि परीक्षा केन्द्रबाट नक्कली परीक्षार्थी पक्राउ परेका छन् ।

जिल्ला शिक्षा समन्वय इकाई कार्यालय रौतहटका अनुसार परीक्षा अनुगमन समितिले नेमधारी वासुदेव मावि मुडवलवाका सिम्बोल नं ०२५००२५७(जि) नुरैन खानको सट्टामा इशनाथ नगरपालिका वडा नम्बर १ बन्जाराहका विष्णुबहादुर मालीले परीक्षा दिइरहेको अवस्थामा पक्राउ परेको हो ।

उक्त सिम्बोल नम्बर भएको परीक्षार्थीको परीक्षा रद्द गरी पक्राउ परेका मालीलाई जिल्ला प्रहरी कार्यालयमा पठाएर आवश्यक कारबाही अघि बढाउने प्रहरीले गरिरहेको जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख रामविनय सिंहले जानकारी दिए ।



यसअघि रौतहटकै देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साह कानुको सट्टा एसईई परीक्षा दिइरहेका नक्कली परीक्षार्थी पक्राउ परेका थिए ।

मौलापुर नगरपालिकाको लक्ष्मीनियाँ मावि परीक्षा केन्द्रबाट नक्कली परीक्षार्थी कमल साहलाई अनुगमन टोलीले नियन्त्रणमा लिएको थियो ।

### नक्कली परीक्षार्थी पक्राउ

एसईई परीक्षा दिने नक्कली परीक्षार्थीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धरान उप-महानगरपालिका वडा नम्बर ५ की २८ वर्षीय सुस्मिता लिम्बू रहेकी छिन् ।

बुधबार अनिवार्य विज्ञान विषयको परीक्षा दिने क्रममा ग्रामथान गाउँपालिका-२ स्थित सरस्वती माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

नरग्राम माध्यमिक विद्यालय टंकीसिनवरीकी परीक्षार्थी सिम्बल नम्बर ००९१२४९७ भएकी कल्पना लिम्बूको परीक्षा दिइरहेको अवस्थामा सुस्मितालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी रन्जन दाहालले जानकारी दिए । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**VACANCY ANNOUNCEMENT**

Reputed company is seeking a highly skilled and experienced employee to join our team.

ASS. MANAGER : 1 (M/F)
ACCOUNTANT : 1 (M/F)
PRO : 2 (M/F)
SECURITY GUARD : 1 (M/F)
DOCUMENTS CONTROLLER : 2 (M/F)

SALARY Negotiable


Note: Priority To Related Field Experience

Send us your CV:
E-mail : asiapowernepaljob@gmail.com
01-4016618
01-4016797

Govt Lic No. 1198/073/074
Asiapower Recruitment Consultants Pvt. Ltd.
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Mob: 9851065493 | 9823570388

# एकल आमाका सन्तानको मावलीकै थर राखेर जन्मदर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत



अबदेखि एकल आमाका सन्तानको मावलीकै थर राखेर जन्मदर्ता हुने भएको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले स्थानीय तहका सबै ६ हजार ७४३ वटै वडा कार्यालयलाई परिपत्र गर्दै एकल महिलाबाट जन्मेका तथा पितृत्वको ठेगान नभएका बच्चाको मावलीकै थर राखेर जन्म दर्ता गर्न निर्देशन दिएको छ ।

विभागको निर्देशमा भनिएको छ, 'विवाहअघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी बच्चासहित पतिको ठेगानसँगै बसेको भए उक्त बच्चाको मावलीकै थर राखी आमाको हालको स्थायी ठेगानमा जन्मदर्ता गरिदिने । '

'विवाहअघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी पतिसँगै बसेको तर उक्त बच्चा मावलीमै बसेको भए मावलीकै थर र मावलीकै ठेगानामा आमालाई सूचक राखी जन्म दर्ता गरिदिने,' विभागको निर्देशको दोस्रो बुँदामा उल्लेख छ । जन्मदर्ता भइसकेपछि बाबुको ठेगान पत्ता लागेको अवस्थामा जन्मदर्ता रद्द गरी बाबुको ठेगानाबाट नयाँ जन्मदर्ता बनाउन पनि विभागले भनेको छ ।

'प्रकरण नं. (१) र (२) बाहेक अन्य अवस्थामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन सहित), २०७७ र विभागको यस अधिका परिपत्रअनुसार गर्ने निर्देशन दिइएको छ', विभागको परिपत्रमा भनिएको छ ।

**VACANCY ANNOUNCEMENT**

Reputed company is seeking a highly skilled and experienced employee to join our team.

OFFICE MANAGER : 1 (M/F)
OFFICE PRO : 1 (M/F)
OFFICE RECEPTIONIST : 1 (F)

SALARY Negotiable

Note: Priority To Related Field Experience

Send us your CV:
E-mail : info@niwidaconcern.com
01-4570711
01-4570811

Govt. Lic. No.: 711/064/065
NIWIDA CONCERN PVT. LTD.
Sinmangal-9, Kathmandu, Nepal
Mob: 9841838301 | 9817362884

**मलेसियामा रोजगार**
कम्पनी : DEVOTECH SDN BHD
शहर: Aman

पूर्व स्वीकृत मितिः २०७९/०४/१७ चलानी नं.: ६०१८४३५७ LT. No.:268468 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ३० गते (13 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८१३/०६५/०६६
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४९८६६००/४९८६२०४
मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना

मिति २०७९/१२/२३ गते

यस शम्भुनाथ नगरपालिकाको मिति २०७९/१२/०५ गते प्रकाशित बोलपत्र आह्वान सूचना अनुसार तोकिएको मितिसम्म पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु मुल्याङ्कन समितिबाट सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. तथा कामको बिवरण | छनोट बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) | कै. |
|---|---|---|---|---|
| १ | 1/MED/SHMUN/2079/080 Supply and Delivery of Medicine | जयन्त फार्मेशी, रुपनी गा.पा.-१, सप्तरी | ८,०९,३१९.९० | |

**बोधार्थ:**
1. Helping Multipurpose Pvt. Ltd. Maitidevi
2. Dalima Medisales, Babarmahal-11
3. Gitashwini Promed Pvt. Ltd. Budhanilkantha-8
4. Pramit Pharmacy, Janakpur-10
5. Bhimdevi Medicine Suppliers, Chhetrapati-18
6. Gosaikunda Medicine Suppliers, Chhetrapati
7. Saptari Drug Centre, Rajbiraj-7
8. Ram Laxman Pharmacy, Itahari-5

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

## प्रतापपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

### आशयको सूचना

सूचना प्रकाशित मिति :- २०७९/१२/२३

उपरोक्त सम्बन्धमा गाउँकार्यपालिकाको कार्यालय, नवलपरासीको मिति २०७९/११/१६ गते " **मेचीकाली** " पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको मिति र समय भित्र **e-GP system** मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव रित पूर्वक दर्ता भई मिति २०७९/१२/०८ खोलिएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमिजिमका बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकाले, सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ दिने सूचना प्रकाशित गरिएको छ |

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको नाम | आसय दिइएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल ठेक्का अंक ( रु.मु.अ.कर समेत ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | PRM/GOODS/SQ/12-079-80 | Chhatra Cycle Bitaran | L.N. Suppliers | रु.९,१५,४३५.६ | |

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Madan Bhandari Highway Project Directorate
## Madan Bhandari Highway Project Office
Tamghas, Gulmi

### Notice of Intention to Accept the Technical Bids

**Date of First Publication: 2079-12-23 (6th April 2023)**

1. This is to notify all the concerned bidders pursuant to rule 31H, sub-rule 5 of Public Procurement Regulation 2064 (including amendments) that the following bidder of the following contract of IFB No. MBHPG/337011084/079-80/M-01, dated 2079-11-08 (20th Feb 2023), published on "Aarthik Daily" has been successfully qualified as per the Eligibility and Qualification Requirements of respective contract and is considered as substantially responsive bidder and hereby is intended to accept their Technical Bids.
2. All the qualified bidders are notified and requested to present in the opening of respective Price Bids as per clause 25.7 of Section I: Instructions to Bidders of bidding document and PPR rule 31H sub-rule 5.
3. Price Bids will be opened on 30th Chaitra 2079 (13th April 2022), 12:00 hour at Madan Bhandari Highway Project Office, Tamghas, Gulmi

| S.N. | Contract No. | Name & Address of Qualified Bidders in Technical Bid |
|---|---|---|
| 1. | MBHPG/337011084/079-80/M-01 | 1. M/S Koirala/Tandan JV, Resunga-12 Gulmi. |

Project Chief



मध्यान्ह
www.madhyanhadaily.com
२३ चैत २०७९, बिहीबार
6 April 2023, Thursday

## सम्पादकीय

# विलम्बले निम्त्याउने खतरा

मिटरब्याज पीडितहरू शृङ्खलाबद्ध आन्दोलनमा उत्रिएका छन् । केही समय यता राजधानी उपत्यकामा पीडितहरूले प्रदर्शन गरिरहेका छन् । उपत्यका बाहिरबाट आएकाहरूले शान्तिपूर्ण तरिकाले गरिरहेको प्रदर्शनबारे सरकारले आवश्यक पहल कदमी लिन सकेको देखिदैन । केही दिन अगाडि सरकारले आयोग बनाउने निर्णय गरेको थियो । तर त्यसप्रति पीडितहरूले चित्त बुझाएको देखिन्न । यसअघि सरकारले लिएको पहलकदमीले निकास दिन नसकेकाले पनि यसपटक आयोग बनाउने निर्णयमा चित्त नबुझाएको हुन सक्छ । आयोग बनाउनु अगाडि सरकारले गृह मन्त्रालयका उच्च अधिकारीकै संयोजकत्वमा अध्ययन समिति बनाएको थियो । त्यो समितिले निकालेको निष्कर्ष बमोजिम सरकारले कुनै निर्णय लिएन भने मिटरब्याज पीडितहरूको समस्या हल हुन सकेन । त्यसको एउटा उत्कर्ष थियो, इलामका प्रेमप्रसाद आचार्यले आत्मदह गर्नु । नयाँबानेश्वरस्थित संसद भवन अगाडि आचार्यले आत्मदह गरेका थिए ।

त्यसपछि मिटरब्याज पीडितहरूको आन्दोलन थप चर्किएको छ । पहिले देशब्यापी संघर्ष समिति गठन गरेर विभिन्न भूगोलमा प्रदर्शन गर्दै आएका मिटरब्याज पीडितहरू अहिले राजधानी उपत्यकामा केन्द्रीत भएका छन् । मधेश प्रदेशका बर्दिबासबाट एउटा टोली आएपछि अहिले एकपछि अर्को समूह थपिदै गएको छ । आयोग बनाउने र त्यसले अध्ययन गर्ने जस्ता निर्णयप्रति उनीहरू सन्तुष्ट छैनन् । केही सांसदहरूले प्रतिनिधिसभा बैठकबाटै आयोगको आलोचना गरेका थिए । आयोग बनाउने निर्णयलाई सरकार पञ्छिने कार्ड मात्रै भनेका छन् । पीडितहरूको संघर्ष चर्किएकाले पनि सरकारको यतिकै निर्णयमा चित्त बुझाउने पक्षमा उनीहरू नरहेकै पुष्टि हुन्छ ।

चक्रीय ब्याजका कारणले परिवार नै तहसनहस भएकाले सरकारबाट ठोस् निर्णय हुनुपर्ने उनीहरूको माग छ । माग बढ्दै जाँदा लघु वित्तसँग भएको तमसुक च्यातिनुपर्ने अडानमा पीडितहरू पुगेका छन् । उनीहरूले सुनाएको पीडाको कहरले पनि तमसुक च्याँतिनुपर्ने परिस्थिति आवश्यक रहेको प्रमाणित गर्न खोजिरहेका छन् । तर सरकार र राजनीतिक नेतृत्व उपनिर्वाचनमा केन्द्रीत भइसकेका छन् । आगामी १० वैशाखमा हुने उपनिर्वाचनमा जसरी पनि जित्ने भनेर गठबन्धन गर्ने र साझा उम्मेद्वारी दिने जस्ता गतिविधि भइरहेका छन् । तर सरकारप्रति नागरिकलाई थप असन्तुष्ट बनाउने काम मिटरब्याज पीडितहरूको आन्दोलनबाट सहयोग पुग्दैछ । अतः मिटरब्याज पीडितहरूको पीडा हल गर्नलाई मात्रै नभएर सरकारको स्वीकारोक्ति जोगाउन पनि यसतर्फ तत्काल ठोस् पहलकदमी लिन आवश्यक छ ।

# जनतामा आशा जागेको छ

अग्रलेख



● हरिबोलप्रसाद गजुरेल

### १०० दिन उपलब्धिपूर्ण

जुन परिस्थितिमा सरकार गठन भयो, जे-जस्ता उतारचढाव यसबीचमा व्यहोर्नुपऱ्यो, त्यसको आलोकमा सरकारका काम कारबाहीलाई हेर्दा एउटा पक्ष देखिन्छ र एउटा चित्र आउँछ । सामान्य सरकार जस्तो १०० दिन पार गरेको अवस्थामा हेर्दा अर्को चित्र आउँछ । जटिलताका बीचमा पनि सरकारले कसरी काम गरेको छ भनेर हेर्दा जनतालाई राहत दिने गरी सकारात्मक प्रयास गरिरहेको देखिन्छ । आज सरकारकै कारण जनतामा आशा जागेको छ । सरकारप्रति विश्वास र सहानुभूति बढेको छ । त्यसकारण यसबीचमा सरकारका तर्फबाट के-कस्ता प्रयास भए, समस्या समाधान गर्न सरकार कसरी लागि पऱ्यो, संसद्मा के कसरी प्रस्तुत भइरहेको छ, के-कस्ता विधेयक अगाडि बढाएको छ, छलफल कसरी भइरहेको छ भनेर हेर्दा नतिजा सकारात्मक देखिन्छ ।

सेवा क्षेत्रमा जे-जस्ता अस्तव्यस्तता थियो, सुशासन तथा लामा-लामा लाइन हटाउनका लागि जसरी काम गरिरहेको छ, त्यो निकै सकारात्मक छ । आगामी दिनमा देश र जनताको पक्षमा काम गर्न कसरी अगाडि बढाइरहेको छ भन्ने कोणबाट पनि सरकारको मूल्यांकन हुनुपर्छ ।

सरकारले यसबीचमा नीति कार्यक्रम र बजेटको पनि तयारी गरिरहेको छ । अर्थतन्त्रलाई लयमा ल्याउनका लागि के-कस्ता प्रयास भइरहेको छ भन्ने तथ्यका आधारमा हेर्दा सरकारको काम प्रभावकारी नै भएको छ भन्ने देखिन्छ । सरकारले यसबीचमा इमानदार प्रयास गरिरहेको छ । त्यसका आधारमा मूल्याङ्कन गर्नुपर्छ । १०० दिनको अवधिमा देश र जनताको पक्षमा कसरी प्रस्तुत भयो भन्ने कुराले धेरै विषयको मूल्याङ्कन गर्न सकिन्छ । सरकारले बिगाऱ्यो भन्ने कहिँ देखिँदैन । त्यसबाट पनि सोझै अर्थ लगाउन सकिन्छ ।

सरकारले जनतामा आशा जगाउने काम गरेको छ । त्यही आशा र विश्वासले नै विभिन्न आन्दोलनकारी शक्तिहरु यसबीचमा सहमतिमा आएका छन् । मिटर ब्याज पीडितको समस्याको समस्या समाधान भएको छ । उद्योग व्यवसायीको समस्या समाधान गर्ने प्रयास भइरहेको छ । अरु विभिन्न पक्ष कसरी सरकारसँग सम्झौता गरेर यसबीचमा विश्वासका साथ बसेका छन् भन्ने कुरालाई पनि हामीले मूल्याङ्कन गर्नुपर्छ । जनताको नजरबाट उनीहरुले कसरी अनुभूत गरेको छ भन्ने राम्रो भयो भन्ने नै देखिन्छ ।

सरकारले जुन तरिकाबाट काम गर्न खोजेको छ, त्यसले देशलाई सही दिशातिर लैजान बल गरिरहेको छ । सरकारले जुन ढंगले राष्ट्रिय सहमतिका लागि प्रयास गरिरहेको छ, यो पनि सकारात्मक कदम नै हो । प्रधानमन्त्रीले राष्ट्रिय सहमतिका लागि प्रयास गर्नु राम्रो कुरा थियो । शान्ति प्रक्रिया टुङ्गिएको छैन । संविधान कार्यान्वयनका कतिपय विषय बाँकी छन् । यो अवस्थामा राष्ट्रिय सहमतिबाट जाऊँ भनेर प्रयास र पहल गर्दा कतिपयले त्यसलाई सकारात्मकरुपमा लिन सकेनन् । सरकारले के-कति गर्नुपर्दथ्यो त्यसमा के-कति सकेन र अरुले के-कति जिम्मेवारी लिनुपर्दथ्यो भनेर हेर्दा पनि त्यसबाट निष्कर्ष निकाल्न सकिन्छ ।

योबीचमा केही पहिला नै उत्पन्न भएका समस्या समाधानमा सरकार लागि पऱ्यो । केही अध्यादेश थिए, त्यसलाई पनि सरकारले अगाडि बढायो । संसद्लाई पनि सरकारले काम दिएको छ । यद्यपि पूर्ण भएको छैन । केही विधेयक अन्तिम अवस्थामा छन् । सार्वजनिक खरिदसँग जोडिएको विषयलाई अगाडि बढाएको छ । सरकार गठन वा पुनर्गठनको विषयले पनि यसबीचमा प्रभावित बनायो । पहिलाको गठबन्धन रहेन । फेरि गठबन्धन परिवर्तन भयो । घटनाक्रमले हामीलाई कहाँ लगेको छ भन्ने पनि हेर्नुपर्छ ।

### जिम्मेवार नेतृत्व

पहिलाको गठबन्धन किन टुट्यो, दोस्रो गठबन्धन किन बन्यो भन्ने कुरामा छलफल आवश्यक छ । तत्कालिन समय माओवादी केन्द्रले संसद विघटनको विषयलाई छलफलमा तत्कालै किचोल्न चाहेको थिएन । प्रधानमन्त्रीको रुपमा प्रचण्डले स्पष्टसँग सो विषयमा बहस नगरौं भन्दा भन्दै संसद्मा नै गएर 'संसद् विघटन सही थियो' भनेर जसरी एमालेको पंक्तिबाट वकालत भयो, त्यो कुनैपनि कोणबाट मिल्दो थिएन । एमालेको नेतृत्व पंक्तिको अभिव्यक्तिसँगै नै तत्कालिन गठबन्धनमा विवाद सुरु भएको थियो । गठबन्धन माओवादीको कारण बिग्रेको होइन ।



*सरकारले जनतामा आशा जगाउने काम गरेको छ । त्यही आशा र विश्वासले नै विभिन्न आन्दोलनकारी शक्तिहरू यसबीचमा सहमतिमा आएका छन् । मिटर ब्याज पीडितको समस्याको समस्या समाधान भएको छ । उद्योग व्यवसायीको समस्या समाधान गर्ने प्रयास भइरहेको छ । अरू विभिन्न पक्ष कसरी सरकारसँग सम्झौता गरेर यसबीचमा विश्वासका साथ बसेका छन् भन्ने कुरालाई पनि हामीले मूल्या□न गर्नुपर्छ ।*

अहिले माओवादी तेस्रो पार्टी हो । तेस्रो भएपनि पहलकदमी लिएर देशलाई राजनीतिक स्थिरतातर्फ लैजाने प्रयत्न यहीबाट भएको छ । लामो समयदेखि बन्द भएका सीमा नाका खुलेका छन् । वैदेशिक सम्बन्ध थप मजबूत बन्दै गएको छ । भारतसँग विद्युत् खरिद तथा बिक्रीको प्रक्रिया अगाडि बढेको छ । भारत र चीनसँगको सम्बन्धलाई सन्तुलित बनाउने प्रयास भएको छ । त्यसको नतिजा पनि देखिन सुरु भएको छ ।

### अर्थतन्त्रलाई लयमा ल्याउने प्रयास

आज सरकारको ध्यान जनतालाई कसरी सुशासन दिने र स्थिरता दिनेतर्फ नै केन्द्रीत छ । सरकार विगतका कमी कमजोरी सच्याउन लागिपरेको छ । सरकार एकाग्र भएर नै लागिपरेको छ । तथापी, रातारात नै सबै विषयमा सुधार भइहाल्छ भन्ने त होइन । अव्यवस्थालाई व्यवस्थामा ल्याउन त समय लाग्छ नै । यसबीचमा धेरै अव्यवस्था नै भए । संसद् विघटनदेखि निर्वाचनसम्म आइपुग्दा सबै विषयलाई सच्याउन नै केन्द्रीत हुनुपरेको तथ्य त धेरै टाढाको विषय होइन । यो स्थितिमा पनि हामीले हेर्नुपर्छ । सबै विषयलाई केलाउनुपर्छ । एउटा एउटा घटना लिएर मात्रै हेर्नुभएन, समग्रतामा हेर्नुपर्छ ।

आज सरकारको पहिलो प्राथमिकता नै समस्यामा परेको अर्थतन्त्रलाई सही दिशामा ल्याउनेमा नै केन्द्रीत छ । त्यसलाई जनतासँग जोडेर जानुपर्छ भन्नेमा नै सरकार लागिपरेको छ । व्यवस्था परिवर्तन हुने तर, अवस्था परिवर्तन नहुँदा जनतामा निराशा उत्पन्न भयो । त्यसलाई कसरी आशामा बदल्ने, काम कारबाहीलाई कसरी प्रभावकारी बनाउने भन्नेमा दृढ इच्छाका साथ सरकार लागेको छ । नयाँ संविधान बनेपछि नयाँ ट्र्याक बनाउनुपर्ने थियो । त्यसो हुन सकेन । जसका कारण केही पनि भएन भने जस्तोसमेत भएको छ ।

### द्वन्द्वकालिन मुद्दालाई टुंग्याउने प्रयास

शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने दायित्व हामी सबैको हो । सङ्क्रमणकालीन न्यायसँग जोडिएका केही विषय छन् । त्यसलाई सरकारले प्राथमिकतामा राखेको छ । सरकारले महत्वका साथ विधेयकलाई अगाडि बढाएको छ । जुन छिट्टै पारित पनि हुँदैछ । दुई वर्षभित्र त्यसलाई टुङ्गोमा पुऱ्याउने योजनाका साथ काम अगाडि बढेको छ ।

जनयुद्धकालका शहीदलाई राष्ट्रिय शहीदको मान्यता दिने काम २०६५ सालमै भएको हो । राजपत्रमा प्रकाशित नहुँदा समस्या भएको थियो । त्यसलाई व्यवस्थित गरेर राजपत्रमा प्रकाशित गरिएको छ । यसमा विगतमा पनि सबैको सहमति थियो । यसलाई सकारात्मकरुपमा नै लिनुपर्छ । बर्हिगमित जनमुक्ति सेनाले दुई-दुई लाख लिने कुरा भएको छ । त्यसमा केही टिप्पणी भएका छन् । तर, बर्हिगमित जनमुक्ति सेनाले अदालतबाट मुद्दा जितेर आए । अदालतले भनेको आदेशलाई कार्न्यान्वयन गर्नु सरकारको दायित्व पनि हो । यो निर्णय विगतको सरकारले नै गरेको निर्णय हो । अहिले कार्यान्वयनमा मात्रै जान लागेको हो । जुन घटनाक्रमलाई सकारात्मक रुपमा हेरिनुपर्छ । खाली पूर्वाग्रही आँखाले हेर्नुभएन ।

### व्यवस्था जोगाउने प्रतिबद्धता

आज गणतन्त्र, संघीयता, समावेशीता, समानुपातिकता, धर्मनिरपेक्षताजस्ता विषयलाई नै उल्ट्याउने प्रयास भएका छन् । जुनविरुद्ध अनेकन नाममा प्रहारहरु भइरहेका छन् । तर, सबैले गहिरोगरी हेनुपर्छ, व्यवस्था परिवर्तन पछि के जनताको पक्षमा काम भएका छैनन् र ? हामीले तथ्यांकलाई केल्यायौं भने सबै स्पष्ट हुनसक्छौं ।

२०६२/०६३ पछि देशभित्र विकास निर्माणको कामले गति लिएको छ । धेरै ठाउँमा सडक पुगेको छ । देशभर नै बिजुली पुगेको छ । खानेपानी पुगेको छ । प्रगति भएको छ । बाटोघाटो बनेकै छ । सँगै जनताले चाहे जस्तो सबै भएको भने छैन । तर, केही पनि भएन भनेर केही मानिस हिँडेका छन्, जुन निकै गलत छ । व्यवस्था परिवर्तन भएपछि जनअपेक्षा पूरा गर्ने गरी काम गर्न सकिएन तर, केही नै भएन भन्ने कुरा विल्कुल गलत छ । कमीकमजोरीलाई सच्याएर जानुपर्छ भनेर सरकार लागिपरेको छ । प्रयास भइरहेको छ । काम गर्ने तरिकामा परिवर्तन जरुरी छ । परिणाम आउन त केही समय लाग्छ नै ।

आजको सरकारले इमान्दारीताका साथ केही गर्न खोजेको छ । सबै विषयमा एकै पटक नतिजा आउँदैन । केही प्रयासका सकारात्मक सङ्केत देखा परेको छ । सरकार देश, जनताको पक्षमा उभिएको छ । सरकारले नीति कार्यक्रम र बजेटमार्फत जनतालाई थप आशावादी बनाउनेछ । अहिले आशाका सङ्केत देखा परेका छन्, त्यसलाई विश्वासमा बदल्ने काम हुन्छ ।

*(प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का मुख्य राजनीतिक सल्लाहकारसमेत रहेका माओवादी केन्द्रका नेता हरिबोल गजुरेलसँग राससले गरेको कुराकानीमा आधारित लेख ।)*

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

अगाडि बढ्न दृढ प्रयासरत युवाहरू तिमीलाई तर्साउने, थर्काउने, हैरान पार्ने र विचलित गराउने प्रयास हुनेछन्, तिम्रा स-साना वास्तविक वा काल्पनिक कमजोरीहरूको पहाड बनाएर बदनाम गर्ने दुश्चेष्टा हुनेछन् । हरेस नखाए, उत्साह नगुमाए । देश नयाँ युवाहरूको आशामा छ निराश नबनाए ।



**- नवराज पन्त**

विकासमा लम्केको देश (विकास हुनैपर्ने देश)मा वैदेशिक लगानीको राम्रो करनीति नहनु, स्वदेशी लगानी पनि ठप्प हुनु, बैंकले ऋण प्रबाह नगर्नु, ब्याज सस्तो नहुनुले खराब कर्जा झन् बढ्न सक्छ ! यदि खराब कर्जा धेरै बढ्यो भने खराब देश भनेर ब्राण्डिङ्ग हुनसक्छ ! सचेत हुनुहोस ! लगानी र कर्जा प्रबाह गर्नुहोस् ।



**- भानुप्रसाद आचार्य**

राजनीतिले धेरै अपजस पाउनुमा समानुपातिक निर्वाचन प्रणाली पनि एउटा कारण हो ! अहिले नै यो प्रणाली खारेज गर्न दलहरु सहमत नहोलान् तर, पहिलो चरणमा बन्द सुचीको आधारलाई मानेर ११० बाट ४४ मा झार्ने गरी दल भित्र र बाहिर दलहरुले बहस चलाउन सुचबुझ राखे राजनीति सुधार्न सहयोग पुग्ला !



**- डा. जागेश्वर गौतम**

पढेलेखेका, पि.एच.डि. गरेका, जागिर पेन्सन खाएका, अनुसन्धान गरेकाले हैन, रेलिङ्ग भाँचेका, पढ्न नसकेर कलेज छाडेका, कालोमोसो लागेका, बैंकको ऋण नतिरेकाले मात्र सभापति पाउनु पर्दछ भन्नेहरु पार्टीका नेता रहुन्जेल लेखेर राख्नुस यो देश उभो लाग्दैन ।

# प्राथमिकतामा पर्नुपर्ने एजेण्डा

विचार



● सन्दिप पनेरू

*आज मुलुकको आर्थिक अवस्था निकै सकसमा छ । तर, यो सकसको बीचमा सरकारको भूमिका उत्साह ल्याउने खालको देखिन्न । बढ्दो आर्थिक संकटलाई केलाएर, समाधान खोज्ने प्रयास सरकारको नेतृत्व तहबाट भएको छैन । उल्टै बजेट कार्यान्वयसँग सम्बन्धित मन्त्रालयहरु नियमित नेतृत्वबिहीन बनिरहे ।*

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले एक सय दिन पुरा गरेको छ । सरकारको 'मधुमास' भनिने यो अवधि खास कस्तो रह्यो त ? आज छलफलको विषय बनेको छ । सरकारले आफ्नो यस अवधि निकै अर्थपूर्ण रहेको दाबी गरेको छ । मुलुकको अर्थतन्त्रको पुनरुत्थान, राज्यका सबै तहमा सुशासनको प्रत्याभूति, विकास निर्माण कार्यमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, जनसेवा र जनसरोकारका मुद्दाहरुको सम्बोधन, सामाजिक न्यायको प्रवर्धन तथा राष्ट्रिय हितको अभिवृद्धि गर्ने उद्देश्यले आफ्ना कामकाजहरु अगाडि बढाइरहेको सरकारको दाबी छ । प्रायः सरकारले आफ्नो कार्यअवधिलाई बढाइ चढाइ यसरी नै प्रस्तुत गर्ने पनि गर्दछन् । जसलाई हामी स्वभाविक मानौं । तर, समीक्षा निर्मम नै हुन आवश्यक छ ।

आज सरकारको सय दिनको अवधिलाई हेर्दा, खास उत्साहपूर्ण गराउने खालको छैन । भलै, यसमा प्रधानमन्त्री प्रचण्डको मात्रै भूमिका नहोला । यसबीचमा एकपछि अर्को गर्दै गठबन्धन निर्माण र विघटनका घटनाले सरकार स्वयम् अस्थिरताको भूमिरीमा रहेको देखाउँछ । प्रधानमन्त्रीले नयाँ गठबन्धनबाट विश्वासको मत लिएपनि सरकार कुन बेला ढल्ने हो ठेगान छैन । तीन महिनाको अवधिमा सात पटकसम्म मन्त्रिपरिषद् पुनर्गठन भएको छ । प्रचण्ड र केही मन्त्री सुरुदेखि नै नियमित रहेपनि अधिकांशजसो मन्त्रालयमा नेतृत्व पटक-पटक हेरफेर भएका छन् । सात पटकसम्म पुनर्गठन हुँदा पनि कतिपय मन्त्रालय अझै रिक्त छन् ।

